# लम्पी स्किन रोगको वर्तमान अवस्था र भावी कार्य दिशा

पशु सेवा विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# लम्पी स्किन रोग

- लम्पी स्किन गाईभैंसीमा भाइरसको कारण लाग्ने महामारी रोग हो।

- यो रोग लागेका पशुमा उच्च ज्वरो आउने, दाना पानी कम खाने र दूध उत्पादन घट्ने, छालामा गोलो गिर्खा/गाँठाहरू देखिने, गिर्खाहरू केही समय पछि हराउने वा कहिलेकाँही गिर्खाहरू फुटेर घाउ हुने, किरा/औंसा पर्ने, नाकमुख भित्र, कल्चौंडा, थुनमा घाउ हुने, आँसु, र्‍याल, सिंगान बग्ने, चिप्रा/कचेरा लाग्ने, खुट्टा/जोर्नी सुन्निने जस्ता लक्षणहरु देखिन्छन्।

- सङ्क्रमित पशु मध्ये सामान्यतया १ देखि ३ प्रतिशतसम्म पशु मर्न सक्छन्।

# लम्पी स्किन रोग

- नेपालमा पहिलो पटक वि.सं. २०७७ साल असार महिनामा मोरङको सुन्दरहरैचा नगरपालिकामा गाईमा देखा परेको थियो।

- रोग देखा परे पश्चातका शुरूका दुई वर्षमा यस रोगबाट १६ जिल्लाका (अधिकांश तराईका) २९ पालिकामा ३३०१ पशु सङ्क्रमित भइ १३ वटा पशु मरेका थिए।

- वि.सं. २०७९ चैत्र महिनाको मध्यबाट कोशी प्रदेशका केही जिल्लामा रोगको प्रकोप देखा परेकोमा क्रमशः अन्य प्रदेशमा रोग फैलिई सबै जिल्लामा रोग पुष्टि भएकोमा हाल मनाङ र मुस्ताङ जिल्लामा रोग पूर्ण रुपमा नियन्त्रणमा आइसकेको छ।

- कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढी प्रभावित पहाडी जिल्लाहरुमा हाल रोग नियन्त्रण उन्मुख रहेको र तराईका जिल्लाहरूमा देखा पर्न थालेको जानकारी सम्बन्धित प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट प्राप्त भएको छ।

# विगत पाँच महिनाको अवधिको लम्पी स्किन रोगको अवस्था

- सङ्क्रमित पशु सङ्ख्या: ११ लाख ४९१
- उपचार पश्चात निको भएको पशु सङ्ख्या: ८ लाख ६७ हजार ८१०
- हाल सक्रिय संक्रमित पशु सङ्ख्या: १ लाख ८३ हजार ८०१
- रोगको कारण मरेको पशु संख्या: ४८ हजार ८८०
- हालसम्म खोप लगाई सकिएको पशु सङ्ख्या: ३ लाख ५० हजार ९२६

| लम्पी स्किन रोगको दैनिक प्रतिवेदन (मिति २०८०।०४।१४) | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रदेश | यस वर्ष रोग देखापरेबाट हालसम्म जम्मा संक्रमित पशु संख्या | हाल संक्रमण अवस्थामा रहेको पशु संख्या | लम्पी स्कीन रोग लागि निको भएको पशु संख्या | यस वर्ष हालसम्म लम्पी स्कीन रोगका कारण मरेको पशु संख्या | खोप लगाइएको पशु संख्या |
| १ | कोशी | २२५५४३ | १७५१२ | २०२९८९ | ५०४२ | १०७५२० |
| २ | मधेश | ५२६८६ | २७२७७ | २३७०९ | १७०० | १०३२५ |
| ३ | बागमती | १३९८३८ | ७३४३५ | ६२९२७ | ३४७६ | ९७३५१ |
| ४ | गण्डकी | ५५५४२ | १८३९१ | ३४९९१ | २१६० | १०३२३० |
| ५ | लुम्बिनी | ८४००० | २५४०० | ५४६०० | ४००० | १२००० |
| ६ | कर्णाली | २१७०८३ | १३००५ | १९५३७५ | ८७०३ | १७५०० |
| ७ | सुदूरपश्चिम | ३२५७९९ | ८७८१ | २९३२१९ | २३७९९ | ३००० |
| | जम्मा | ११००४९१ | १८३८०१ | ८६७८१० | ४८८८० | ३५०९२६ |

# रोग नियन्त्रणमा गरिएका प्रयासहरू

- संघ, प्रदेश र स्थानीय तहमा कार्यरत पशु स्वास्थ्यकर्मीहरु, निर्वाचित जनप्रतिनिधि लगायका अन्य सरोकारवालाहरुसँग रोग रोकथाम तथा नियन्त्रणका लागि पटक पटक समन्वय र सहकार्य गरिएको

- पशु सेवा विभागमा लम्पी स्किन रोग नियन्त्रण कक्ष स्थापना गरी परिचालन गरिएको

- सहसचिवको नेतृत्वमा प्रदेश र स्थानीय तहका सरोकारवालाहरुसँग समन्वय गर्न सातै प्रदेशमा टोली परिचालन गरिएको र खटिएको टोलीले प्रभावित क्षेत्रमा स्थलगत अनुगमन सहित उपचार, प्राविधिक सल्लाह दिने कार्य गरेको

- रोगको रोकथाम तथा नियन्त्रणको लागि आवश्यक औषधिहरु तथा खोप आपूर्तिका लागि संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक कार्य भइरहेको

# रोग नियन्त्रणमा गरिएका प्रयासहरू

- आम जनसमुदाय, कृषक तथा प्राविधिकहरूका लागि जानकारीमूलक सूचना सामग्रीहरु प्रकाशन तथा प्रसारण गरिएको
- प्रदेश र स्थानीय तहमा लम्पी स्किन रोग नियन्त्रणका लागि आवश्यक समन्वय गर्न सम्पर्क व्यक्ति (Focal person) तोकिएको
- रोग नियन्त्रणका लागि पशु सेवा विभागबाट उपचार विधि (Treatment guidelines) र लम्पी स्किन रोगबारे बारम्बार सोधिने प्रश्नउत्तरको संगालो तयार गरी जानकारी गराइएको
- खोप आयातको लागि पशु सेवा विभागमा आवेदन प्राप्त हुनासाथ तत्काल पैठारीको लागि अनुमति दिने प्रक्रियालाई सुचारू गराइएको

# रोग नियन्त्रणमा गरिएका प्रयासहरू

- हालसम्म १० लाख ३७ हजार डोज लम्पी स्किन रोग विरुद्धको खोप आयात भएको
- औषधिहरूको नियमित आपूर्ति व्यवस्था मिलाउन औषधि उत्पादक र आयातकर्ताहरुसँग समन्वय गरिएको छ।
- केन्द्रीय सहित पाँच वटै पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट नमूना परिक्षण गरी रोग निदान कार्यलाई प्राथमिकता दिइएको छ ।
- लम्पी स्किन रोग सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहका पशु सेवाका सम्बन्धित निकायहरुमा समन्वय गरिएको र प्रत्येक हप्ताको विहिबार प्रदेशका पदाधिकारी तथा सम्पर्क व्यक्तिहरूसँग virtual meeting गर्ने व्यवस्था मिलाइएको छ।

# रोग नियन्त्रणमा गरिएका प्रयासहरू

- वृहत खोप कार्यक्रम सञ्चालन गर्न लम्पी स्किन रोग विरुद्धको खोप निःशुल्क उपलब्ध गराउन छिमेकी राष्ट्रहरूसँग समन्वय गरिएको छ।

- प्रदेश सरकारहरूबाट सप्ताहव्यापी खोप अभियान सुरू भएको (बागमती, मधेश, लुम्बिनी)

- १६१ स्थानीय तहमा एक पालिका एक भेटेरिनरी डाक्टर कार्यक्रम मार्फत डाक्टर परिचालनको व्यवस्था र एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गत स्थानीय तहमा प्राविधिकहरूको व्यवस्थापनको लागि बजेट व्यवस्था गरिएको छ।


- प्रत्येक स्थानीय तहमा महामारी नियन्त्रणका लागि संघीय शसर्त अनुदान अन्तर्गत रू. १ लाखका दरले रकम विनियोजन गरिएको छ।


# तत्काल गर्नु पर्ने कार्यहरू

- लामखुट्टे लगायतका टोक्ने किराहरू नियन्त्रण कार्य
- वृहत् खोप कार्य
- नेपालमा नै खोप उत्पादन
- खोप उत्पादनको लागि आवश्यक सीड तथा प्रविधि भित्राउने
- नेपालमा खोप उत्पादन नभएसम्मका खोप आयात गरी प्रयोग गर्ने
- रोगी पशुको उपचारलाई निरन्तरता दिने
- सबै पालिकामा एक भेटेरिनरी डाक्टर र सबै वडामा एक प्राविधिकको व्यवस्थापन
- विपद् घोषणा गरी सबै साधनस्रोतको प्राथमिकता सहित परिचालन

# थप बजेट आवश्यक पर्ने

- रोग नियन्त्रणको लागि आवश्यक खोप तथा औषधि आपूर्ति गर्न हरेक स्थानीय तहमा स्रोत व्यवस्थापन
- पशुधन क्षति भएका किसानलाई राहत र पुनर्स्थापना
- खोपको प्रभावकारिता अध्ययन, खोप कार्यको स्थलगत अनुगमन
- नेपालमै खोप उत्पादन लगायतका कार्यको लागि आवश्यक पूर्वाधार सहितको व्यवस्थापन
- सबै पालिकामा एक भेटेरिनरी डाक्टर र सबै वडामा एक प्राविधिकको व्यवस्थापन गर्न थप बजेट आवश्यक





नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
☎ ५२२४७८, ५२५४७९, ५२२०५६, ५२१६१०, फ्याक्स: ५५४२९१५, हरिहरभवन, ललितपुर

**लम्पी स्किन रोगबारे बारम्बार सोधिने प्रश्नहरू**

**१. लम्पी स्किन कस्तो किसिमको रोग हो ?**

लम्पी स्किन रोग पक्सभाइरिडि (Poxviridae) परिवार अन्तर्गतको क्याप्रिपक्स प्रजातिको लम्पी स्किन डिजिज भाइरसका कारण अत्यधिक सङ्ख्यामा गाईभैंसीहरूमा सङ्क्रमण गराउने सीमाविहीन पशु रोग हो।

**२. लम्पी स्किन रोग कुन कुन पशुमा लाग्छ ?**

लम्पी स्किन रोग विशेष गरी गाई, गोरु, रौंगा, भैंसी, पाडापाडी, बाच्छाबाच्छीमा लाग्छ। यो रोगबाट उन्नत नश्लका बढी उत्पादन दिने पशु बढी प्रभावित हुन्छन्।

**३. भेडाबाख्रामा लम्पी स्किन रोग लाग्छ कि लाग्दैन ?**

हालसम्म प्राप्त तथ्यहरूका आधारमा यो रोग भेडाबाख्रामा लागेको देखिएको छैन।


**४. लम्पी स्किन रोग कसरी सर्छ ?**


लम्पी स्किन रोग लामखुट्टे, टोक्ने/रगत चुस्ने झिंगा (डाँस), किर्ना, भुसुना र विभिन्न किसिमका टोक्ने खालका किराहरूको टोकाइबाट सर्ने गर्छ। सङ्क्रमित पशुको प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशु, लसपस भएको दानापानी, सोत्तरबाट समेत यो रोग सर्न सक्छ।


**५. लम्पी स्किन रोगका लक्षणहरू के के हुन् ?**

लम्पी स्किन रोग लागेका पशुमा निम्नानुसारका लक्षणहरू देखिन्छः


- उच्च ज्वरो (१०४ डिग्री फरेनहाइट भन्दा बढी) आउने,
- दाना पानी कम खाने र दूध उत्पादन घट्ने,
- छालामा साह्रो गोलो गिर्खा/गाँठाहरू देखिने, गिर्खाहरू केही समय पछि हराउने वा कहिलेकाहीं गिर्खाहरू फुटेर गहिरो घाउ हुने, किरा/औंसा पर्ने,
- नाकमुख भित्र, कल्चौंडा, थुनमा घाउ हुने,
- आँसु, र्‍याल, सिंगान आउने, चिप्रा/कचेरा लाग्ने,
- खुट्टा/जोर्नी सुन्निने,












नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
☎ ५२२४७८, ५२५४७९, ५२२०५६, ५२१६१०, फ्याक्स: ५५४२९१५, हरिहरभवन, ललितपुर

**लम्पी स्किन रोग सङ्क्रमित पशुहरूको उपचारको लागि प्रयोग गर्न सकिने उपचार विधि**

लम्पी स्किन रोग गाई/गोरु/रौंगा/भैंसीमा क्याप्रीपक्स भाइरस अन्तर्गतको लम्पी स्कीन डिजिज भाइरसका कारण लाग्ने रोग हो। यो रोग सामान्यतया टोक्ने वा रगत चुस्ने झिंगा (डाँस), लामखुट्टे, किर्ना, भुसुना जस्ता किराहरूको टोकाइ, सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुको सम्पर्कमा आएका अन्य पशुमा सजिलै सरी छोटो समयमा धेरै स्थानमा फैलिन सक्ने प्रकृतिको भएकोले यस रोगको शीघ्र पहिचान तथा नियन्त्रण गर्न आवश्यक छ। हाल नेपालका अधिकांश जिल्लामा यो रोग देखा परेको सन्दर्भमा फिल्डस्तरमा कार्यरत प्राविधिकहरूले सङ्क्रमित पशुहरूको उपचारको लागि निम्नानुसारको उपचार विधिको प्रयोग गर्न सकिने जानकारी गराईन्छ।

**रोग देखिएका पशुलाई गरिने उपचार विधिः**

१. रोगी पशुलाई निरोगी पशुबाट छुट्टाई अलग्गै राख्ने
२. रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो वा नरम घाँस, झोलिलो पदार्थ, सख्खर/गुँड पानी, इलोक्ट्रोलाइट खुवाउने
३. ज्वरो आएको पशुलाई आराम गराउने, जोत्ने, गाडा तान्ने काममा नलगाउने
४. रोगको लक्षणका आधारमा देहाय अनुसारको उपचार गर्ने
   - ज्वरो घटाउनका लागि
     - बजारमा उपलब्ध हुने पारासिटामोल 1500 mg र मेलोक्सिकेम 100 mg भएको बोलस वा इन्जेक्सनः
       ठूला पशुलाई: २ बोलस हरेक ८ घण्टाको फरकमा खुवाउने वा 1 ml/10 kg body weight अनुसार सुई लगाउने
       पाडापाडी/बाच्छाबाच्छी: १ बोलस हरेक ८ घण्टाको फरकमा मुखबाट खुवाउने वा 1 ml/10 kg body weight अनुसार सुई लगाउने
     - ८ घण्टाको फरकमा औषधि दिँदा ज्वरो कम नभएमा ४ देखि ६ घण्टाको फरकमा पुनः प्रयोग गर्ने।
     - शरीरमा चिसो पानीमा भिजाइएको कपडा, बोरा प्रयोग गरी पानी पट्टी लगाउने।
   - गाँठा गुठी/गिर्खा र चिलाउने कम गर्नका लागि
     - Chlorpheniramine maleate वा Pheniramine maleate:
       ठूला पशुलाई: 10-15 ml २४ घण्टाको फरकमा सुई लगाउने
       पाडापाडी/बाच्छाबाच्छी: 3-5 ml २४ घण्टाको फरकमा सुई लगाउने
   - दाना पानी खान नसकेका र अत्यन्तै कमजोर पशुमा २०% डेक्स्ट्रोज/डेकस्ट्रोज सलाईन दिने


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर
वेबसाइट: www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :- ०७९/८०
चलानी नं. :- ३१६

मिति: २०८०/०३/०४

विषयः लम्पी स्किन रोगको रोकथाम तथा नियन्त्रणका सम्बन्धमा।

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी, लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश।
श्री पशुपन्छी विकास निर्देशनालय, कर्णाली प्रदेश।

प्रस्तुत विषयमा हाल नेपालका गाईभैंसीहरूमा लम्पी स्किन रोग महामारीको रूपमा देशैभरी फैलिनुका साथै सो रोगका कारण लाखौं गाईभैंसी संक्रमित भई हजारौंको संख्यामा मरेको व्यहोरा अवगतै छ। यसरी महामारीको अवस्थामा रोगको रोकथाम तथा नियन्त्रणका लागि संघ, प्रदेश र स्थानीय तहका पशु सेवा हेर्ने निकायहरूबिच सञ्चार, समन्वय तथा सहकार्य गर्न तहाँ निर्देशनालय/ पशु सेवा क्षेत्र हेर्ने मन्त्रालयको नेतृत्वमा सङ्घीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला समेतको प्रतिनिधित्व रहने गरी लम्पी स्किन रोग नियन्त्रण तथा समन्वय टोली गठन तथा परिचालन गर्न अनुरोध छ। साथै यस रोग नियन्त्रणमा आवश्यक समन्वय र सहजीकरणका लागि पशु सेवा विभागमा LSD कन्ट्रोल रूम स्थापना गरिएको जानकारी गराउँदै सो रोग सम्बन्धमा समन्वय गर्न प्रदेशको सम्पर्क व्यक्तिको नामावली विभागमा उपलब्ध गराइदिनुहुन समेत अनुरोध छ।

डा. सम्झना कुमारी कार्की
महानिर्देशक

बोधार्थः
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार।
श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश/ कर्णाली प्रदेश/ सुदूरपश्चिम प्रदेश।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश।
श्री कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय, गण्डकी प्रदेश।
श्री कृषि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश।









नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
☎ ५२५४७८
५२५४७९
५२२०५६
५२१६१०
फ्याक्सः ५५४२९१५
हरिहरभवन, ललितपुर

# लम्पी स्किन रोगबारे बारम्बार सोधिने प्रश्नहरू

## १. लम्पी स्किन कस्तो किसिमको रोग हो ?

लम्पी स्किन रोग पक्सभाइरिडि (Poxviridae) परिवार अन्तर्गतको क्याप्रिपक्स प्रजातिको लम्पी स्किन डिजिज भाइरसका कारण अत्याधिक सङ्ख्यामा गाईभैंसीहरूमा सङ्क्रमण गराउने सीमाविहीन पशु रोग हो।

## २. लम्पी स्किन रोग कुन कुन पशुमा लाग्छ ?

लम्पी स्किन रोग विशेष गरी गाई, गोरु, राँगा, भैंसी, पाडापाडी, बाच्छबाच्छीमा लाग्छ। यो रोगबाट उन्नत नश्लका बढी उत्पादन दिने पशु बढी प्रभावित हुन्छन्।

## ३. भेडाबाख्रामा लम्पी स्किन रोग लाग्छ कि लाग्दैन ?

हालसम्म प्राप्त तथ्यहरूका आधारमा यो रोग भेडाबाख्रामा लागेको देखिएको छैन।

## ४. लम्पी स्किन रोग कसरी सर्छ ?

लम्पी स्किन रोग लामखुट्टे, टोक्ने/रगत चुस्ने झिंगा (डाँस), किर्ना, भुसुना र विभिन्न किसिमका टोक्ने खालका किराहरूको टोकाइबाट सर्ने गर्छ। सङ्क्रमित पशुको प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशु, लसपस भएको दानापानी, सोत्तरबाट समेत यो रोग सर्न सक्छ।

## ५. लम्पी स्किन रोगका लक्षणहरू के के हुन् ?

लम्पी स्किन रोग लागेका पशुमा निम्नानुसारका लक्षणहरू देखिन्छः

- उच्च ज्वरो (१०४ डिग्री फरेनहाइट भन्दा बढी) आउने,
- दाना पानी कम खाने र दूध उत्पादन घट्ने,
- छालामा साह्रो गोलो गिर्खा/गाँठाहरू देखिने, गिर्खाहरू केही समय पछि हराउने वा कहिलेकाहीं गिर्खाहरू फुटेर गहिरो घाउ हुने, किरा/औंसा पर्ने,
- नाकमुख भित्र, कल्चौडा, थुनमा घाउ हुने,
- आँसु, र्‍याल, सिंगान आउने, चिप्रा/कचेरा लाग्ने,
- खुट्टा/जोर्नी सुन्निने,

☎ ५२५४७८
५२५४७९
५२२०५६
५२१६१०
फ़्याक्स: ५५४२९१५
हरिहरभवन, ललितपुर

- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने,
- केही पशुमा लक्षण नदेखिन पनि सक्ने

### ६. के लम्पी स्किन रोग लागेका सबै पशु मर्छन् ?

लम्पी स्किन रोग सङ्क्रमित मध्ये सामान्यतया २ देखि ३ प्रतिशत पशु मर्न सक्छन्। बिरामी पशुले स्याहार सुसार र प्राथमिक उपचार नपाएमा मृत्युदर बढ्न पनि सक्छ। सामान्यतया यस रोगका कारण बाच्छाबाच्छी, जोत्ने गोरु, उन्नत जातका बढी दूध दिने दुधालु र गर्भिणी गाईभैंसी मर्न सक्छन्।

### ७. लम्पी स्किन रोग मानिसमा सर्छ कि सर्दैन?

हालसम्म यो रोग पशुबाट मान्छेमा सरेको प्रमाण भेटिएको छैन।

### ८. लम्पी स्किन रोग लागेका पशुलाई चराउन, आहाल बसाउन, बिक्रीवितरणका लागि हाटबजारमा लैजान हुन्छ कि हुँदैन ?

लम्पी स्किन रोग अति सङ्क्रामक र प्रत्यक्ष सम्पर्कमा आउने अन्य पशुलाई सजिलैसँग सर्न सक्ने प्रकृतिको भएकोले रोग देखा परेका क्षेत्रमा पशुलाई सामूहिक चरन/खर्कमा चराउन, साझा आहालमा बसाउन, हाटबजार वा अन्यत्र लैजान हुँदैन।

### ९. लम्पी स्किन रोगको खास उपचार के हो ?

लम्पी स्किन रोग भाईरसबाट लाग्ने रोग भएकोले यसको खासै उपचार छैन। रोगी पशुले देखाउने लक्षण अनुसार उपचार गर्नुपर्छ। सामान्यतया ज्वरो घटाउने, चिलाउन कम गर्ने, घाउ सुकाउने र घाउमा झिँगा बस्न नदिन प्राविधिकको सल्लाह अनुसार उपचार गर्नुपर्छ। उपचार बाहेक बिरामी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, नरम घाँस, झोलिलो पदार्थ, सखखर/गुँड पानी, इलेक्ट्रोलाइट खुवाउनु पर्छ।

### १०. के निको भएको पशुले अन्य पशुलाई रोग सार्न सक्छन् ?

हालसम्म भएका अध्ययन अनुसन्धान अनुसार एक पटक लम्पी स्किन रोग लागेर निको भएको पशुले अन्य पशुलाई रोग सारेको देखिएको छैन।

### ११. लम्पी स्किन रोग लागेको पशुको दूध खान हुन्छ कि हुँदैन ?

☎ ५२५४७८
५२५४७९
५२२०५६
५२१६१०
फ्याक्स: ५५४२९१५
हरिहरभवन, ललितपुर

लम्पी स्किन रोग सङ्क्रमित पशुको दूध खाँदा मानिसमा रोग सर्दैन। यो रोग लागेको बेलामा पशुमा दूध उत्पादन धेरै घट्ने हुन्छ। लक्षण देखाएका वा नदेखाएका सङ्क्रमित पशुको दूध बजारमा आउन सक्ने हुँदा दूध राम्ररी उमालेर सेवन गर्नु उपयुक्त हुन्छ। बिरामी पशुमा एन्टिवायोटिक प्रयोग गरिएको भएमा त्यस्ता पशुमा एन्टिवायोटिक प्रयोग शुरू भएदेखि प्रयोग गर्न छोडिएको दिनबाट कम्तीमा एक हप्ता अवधिसम्मको दूध सेवन गर्नु हुँदैन।

### १२. लम्पी स्किन रोगबाट आफूले पालेका पशुलाई कसरी सुरक्षित राख्ने ?

यो रोग फैलिएको अवस्थामा रोग देखा परेको क्षेत्रभन्दा बाहिरका ३ महिनाभन्दा बढी उमेर समूहका स्वस्थ गाई, भैंसीलाई खोप उत्पादकले तोकेको मात्रामा लम्पी स्किन रोग विरुद्ध बर्सेनि खोप लगाउने। नयाँ पशु गोठमा भित्र्याउँदा बथानमा नमिसाई कम्तीमा २८ दिन अलग्गै राखी रोगको लक्षण नदेखाएमा मात्र बथानमा मिसाउने, गोठमा नियमित रूपमा सरसफाइ गरी फिनेल छर्ने लगायतका जैविक सुरक्षाका विधिहरूको पालना गर्ने।

### १३. लम्पी स्किन रोग विरुद्धको खोप नेपालमा उपलब्ध छ कि छैन ?

लम्पी स्किन रोग विरुद्ध प्रयोग गर्ने खोप नेपालमा उपलब्ध छ। हालसम्म नेपालमा यस रोग विरुद्ध खोप उत्पादन नभएको हुँदा पशु सेवा विभागबाट आयात अनुमति प्राप्त गरे अनुसार विभिन्न विदेशी कम्पनीबाट उत्पादित लम्पी स्किन रोग विरुद्ध प्रयोग गर्ने खोप नेपाली बजारमा किन्न पाइन्छ।

### १४. गर्भिणी/ब्याउने पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउन सकिन्छ कि सकिदैन ?

गर्भिणी/ब्याउने पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउन सकिन्छ। यसरी खोप लगाइएमा गर्भमा रहेका बाच्छाबाच्छीलाई समेत जन्मेको तीन महिनासम्म यो रोगबाट बचाउन सकिन्छ।

### १५. लम्पी स्किन रोग लागेको पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउने कि नलगाउने ?

लम्पी स्किन रोगबाट सङ्क्रमित पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउनु हुँदैन। यद्यपि रोग लागेर निको भएका पशुलाई १ वर्षपछि खोप लगाउनु पर्छ।

### १६. लम्पी स्किन रोग लागेर निको भएको पशुलाई तत्काल लम्पी स्किन रोग विरुद्ध खोप लगाउने कि नलगाउने?

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

☎ ५२५४७८
५२५४७९
५२२०५६
५२१६१०
फ्याक्स: ५५४२९१५
हरिहरभवन, ललितपुर

लम्पी स्किन रोग लागेर निको भएका पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप लगाउनु पर्दैन। यस्ता पशुमा यो रोग विरुद्ध लामो समय प्रतिरोध क्षमता कायम रहने हुँदा खोपको आवश्यकता पर्दैन तर रोग लागेर निको भएको एक वर्ष पछि खोप लगाउनु पर्छ।

**१७. गोट पक्स विरुद्धको खोप लगाएमा लम्पी स्किन रोगबाट पशु सुरक्षित हुन्छ कि हुँदैन?**

लम्पी स्किन रोग विरूद्ध धेरै प्रकारका खोप लगाउन सकिने भएता पनि खोपको प्रभावकारिता र खोप लगाएका पशुलाई लामो अवधिसम्म यस रोगबाट बचाउन सरकारले अनुमति दिएको लम्पी स्किन विरुद्धको खोप (निथ्लिङ स्ट्रेन) मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ।

**१८. लम्पी स्किन रोगका विरुद्ध खोप लगाइसकेपछि कुनै नराम्रो असर हुन्छ कि हुँदैन ?**

लम्पी स्किन रोगविरुद्ध खोप लगाइएका पशुमा कहिलेकाहीँ यस रोगसँग मिल्दाजुल्दा लक्षण देखिन सक्छ। सामान्यतया यो रोग विरुद्ध खोप लगाएको दश दिनभित्र सामान्य ज्वरो आउने, शरीरमा गाँठागुँठी आउने जस्ता लक्षण देखिन सक्छन् तर यस्ता लक्षण केही दिनमा आफै कम भएर जान्छन्।

**१९. लम्पी स्किन रोगविरुद्धको खोप लगाइसकेको अवस्थामा समेत गाईमा लम्पी स्किन रोग देखियो। के यस्तो सम्भव छ ?**

लम्पी स्किन रोगविरुद्ध खोप लगाइएका पशुमा रोग विरुद्ध प्रतिरोध क्षमता विकास हुन करिव तीन हप्ता लाग्छ। यो अवधिमा सङ्क्रमित पशुको सम्पर्कमा आएमा वा सङ्क्रमण बोकेका लामखुट्टे लगायतका किराले टोकेमा रोग लाग्न सक्छ। त्यसैले खोप लगाए पश्चात समेत तीन हप्तासम्म रोग सर्न नदिन विशेष ख्याल गर्नु पर्छ।

**२०. एक पटक खोप लगाएपछि कहिलेसम्म लम्पी स्किन रोग लाग्दैन ?**

एक पटक लम्पी स्किन रोगविरुद्ध खोप लगाइसकेको तीन हप्तापछि कम्तीमा एक वर्षसम्म यस रोग विरुद्ध प्रतिरोधात्मक क्षमता रहन्छ।